म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ७२ २०७९ माघ १७ गते मंगलबार 31 January 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**जाडोको समयमा चिसोबाट बचौं ।**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रपति निर्वाचन फागुन २५ गते

काठमाडौंः निर्वाचन आयोगले आगामी फागुन २५ गते राष्ट्रपतिको निर्वाचन गर्ने घोषणा गरेको छ। सोमबार पत्रकार सम्मेलन गरी निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको मिति जानकारी गराएको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले फागुन २५ गते बिहीवार राष्ट्रपतिको निर्वाचन भएपछि उपराष्ट्रपति पदको निर्वाचन प्रक्रिया सुरु हुने बताए । उनले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन आयोगले सातै प्रदेशमा मतदान गर्ने गरी आवश्यक तयारी गर्ने प्रयास गरेपनि तत्काल सम्भव नदेखिएको भन्दै मतदान काठमाडौंमा नै हुने बताए ।

उनले राष्ट्रपतिको निर्वाचनका लागि १० फागुनमा मतदाता नामावली प्रकाशन गर्ने, १० र ११ गते दाबी, बिरोध र उजुरी, ११ र १२ गते निवेदन तथा उजुरी उपर छानबिन गर्ने कार्यतालिका बनाएको जानकारी दिए । आयोगले १२ फागुनमा अन्तिम मतदाता नामावली प्रकाशित गर्ने, १३ गते मनोनयन पत्र दर्ता गर्ने, १३ गते नै उम्मेदवारको सूची प्रकाशन गर्ने, १४ गते उम्मेदवारको बिरुद्धमा उजुरी दिने, १४ र १५ गते मनोनयन र उजुरीमा छानबिन गरी निर्णय गर्ने जनाएको छ ।

त्यस्तै १५ फागुनमा उम्मेदवारको नामावली प्रकाशन गर्ने, १६ गते उम्मेदवारले नाम फिर्ता लिने, १६ गते साँझ नै उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने २५ फागुनमा मतदान गर्ने आयोगका प्रवक्ता पौडेलले बताए । त्यस्तै उपराष्ट्रपतिको निर्वाचन ३ चैतमा हुने आयोगले जनाएको छ । उपराष्ट्रपतिको निर्वाचनका लागि मनोनयन पत्र दर्ता २७ फागुनमा दर्ता हुनेछ। २८ फागुनमा दावी विरोधको समय दिइएको छ र सोही दिन साँझ उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ । राष्ट्रपति विद्यादेवी भण्डारीको कार्यकाल आउँदो २८ फागुनमा सकिँदैछ। राष्ट्रपतिको कार्यकाल ४ दिन बाँकी हुँदै निर्वाचन हुन लागेको हो । *स्रोतः अनलाइनखबर ।*

# आज सबै सदस्यले सपथ लिने



समाज संवाददाता

हेटौंडाः शहीद दिवसको दिन सोमबार हेटौंडा-११ स्थित शहीद स्मारकमा विशेष कार्यक्रमको आयोजना गरिएको छ । बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मा, मुख्यमन्त्री शालिकराम जम्कट्टेल, प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, प्रदेशका मन्त्री, प्रदेश सभा सदस्य, पालिका तथा वडा तहका जनप्रतिनिधि, सामाजिक, शैक्षिक क्षेत्रका व्यक्तिको उपस्थिति रहेको थियो ।

शहीद स्मारकमा माल्यार्पण गर्नुका साथै नेपाली सेनाले शहीदप्रति सलामी अर्पण गरेका थिए । प्रभातफेरीपछि शहीदप्रति श्रद्धाञ्जली अर्पण गरिएको हो ।

## मुख्य न्यायाधिवक्ता नेपालद्वारा शपथ ग्रहण



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्य न्यायाधिवक्ता ज्ञानेन्द्र नेपालले सोमबार पद तथा गोपनियताको शपथ लिनुभएको छ। उहाँले उच्च अदालत पाटनका मुख्य न्यायाधीश महेश पुडासैनी समक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको हो ।

मुख्य न्यायाधिवक्ता नेपालले काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा १४ बमोजिम शपथ लिनुभएको हो। बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपालको संविधानको धारा १६० को उपधारा २ बमोजिम मुख्यमन्त्री शालिकराम जम्कट्टेलको सिफारिसमा नेपाललाई माघ १२ गते मुख्य न्यायाधिवक्ता नियुक्त गर्नुभएको थियो। शपथ ग्रहण कार्यक्रममा बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मा, मुख्यमन्त्री शालिकराम जम्कट्टेल लगायतको उपस्थिति रहेको थियो ।

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका-१४ निवासी ज्ञानेन्द्र नेपाल ललितपुर बारका पूर्व सचिव समेत हुनु हुन्छ । उहाँले आपराधिक कानुनमा स्नात्तकोत्तर उपाधि हासिल गर्नुभएको छ ।

## फरार चालक १९ वर्षपछि पक्राउ

समाज संवाददाता

हेटौंडाः १९ वर्षअघि सवारी दुर्घटनाको मुद्दामा प्रतिवादी एक सवारी चालक पक्राउ गरेका छन् । २०६० साल जेठ २४ गते पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-३, लेवटमा बस र ट्रक आपसमा ठोक्किएर दुर्घटना हुँदा ३ जनाको ज्यान गएको थियो ।

ना २ ख २९४६ नम्बरको ट्रक र बा १ ख ८२२० नम्बरको बस आपसमा ठोक्किएर दुर्घटना हुँदा बस चालक देविप्रसाद आचार्यसहित ३ जनाको मृत्यु भएको थियो । दुर्घटना पश्चात फरार रहेका ट्रक चालक साविक चुरियामाई गाविस-४, सानोसुकौली घर भई हाल मनहरी गाउँपालिका-९, ज्यामिरे बस्ने ४७ वर्षीय राजु लामालाई मनहरी-९, ज्यामिरेबाटै प्रहरीले शनिबार पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेका लामालाई मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद लिई हिरासतमा राखेर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।






## सम्पादकीय

# एसईईको तयारी

हाल नेपालमा कक्षा १२ सम्मलाई विद्यालय तह मानिएको छ । केही वर्ष अघिसम्म विद्यालय तहको अन्तिम परीक्षाको रुपमा कक्षा १० को एसएलसी परीक्षालाई लिइन्थ्यो । यसकारण एसएलसी परीक्षालाई सबै विद्यालय, अभिभावक तथा विद्यार्थीले विशेष चासोका रुपमा लिने गर्दथे । अहिले कक्षा १२ सम्मलाई विद्यालय शिक्षामा समावेश गरेपछि कक्षा १२ को परीक्षालाई एसएलसी भन्ने गरिएको छ । यस आधारमा कक्षा १० को परीक्षालाई सामान्यरुपमा लिनुपर्ने भए पनि त्यो हुन सकेको छैन । कक्षा १० को परीक्षालाई माध्यमिक शिक्षा परीक्षा (एसईई) नाम दिएर विगतको एसएलसीकै विधि, प्रक्रिया र महत्वका साथ परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन हुने गरेको छ । यो परीक्षा पनि कक्षा १२ को जस्तै राष्ट्रिय परीक्षा बोर्डले नै सञ्चालन गर्दै आएको छ । एउटै तहको कक्षा १० र १२ मा दुई पटक राष्ट्रियस्तरको बोर्ड परीक्षा सञ्चालन गरिँदै आएको कारण विगतको एसईईलाई एसएलसीसरह मानेर यसको मापन तथा मूल्यांकन हुने गरेको पाइन्छ । फलस्वरुप अधिकांश विद्यालयहरुले एसईई परीक्षाको तयारीका लागि हरसम्भवका उपायहरु अपनाउने गर्दछन् ।

विगतमा विद्यार्थी जीवनकै सबैभन्दा महत्वपूर्ण परीक्षाको रुपमा एसएलसीलाई मान्ने गरिन्थ्यो । एसएलसीको नतिजाको आधारमा कुनै पनि विद्यार्थी तथा विद्यालयको शैक्षिक स्तर मापन गर्ने आधार बनाइन्थ्यो । यस वर्षको एसईई परीक्षा कार्यक्रम (रुटिन) सार्वजनिक भएसँगै विद्यालयहरुले विद्यार्थीको तयारीमा अझ जोड दिन थालेका छन् । अबको दुई महिनापछि (चैत १७ गतेदेखि) एसईई परीक्षा सुरु हुँदैछ । एसईई परीक्षाको नतिजालाई राम्रो बनाउन विद्यालयहरुले नियमित पठनपाठनका साथै महिनौं अघिदेखि अतिरिक्त कक्षाहरु सञ्चालन गर्दै आएका छन् । परीक्षाको समयतालिका सार्वजनिक भइसकेको र परीक्षा आउन दुई महिनामात्र बाँकी भएको अवस्थामा अहिले एसईईको पूर्वतयारी परीक्षा सञ्चालन हुन थालेको छ । निजी विद्यालयमा एसईई अभ्यास परीक्षा सुरु भएको छ । प्याब्सन मातहतका देशभरका विद्यालयमा आइतबारबाट एकसाथ अभ्यास परीक्षा सुरु भएको हो । परीक्षामा मकवानपुरका ३७ विद्यालयका १ हजार १ सय ९४ विद्यार्थी सहभागी रहेको बताइएको छ । जिल्लाका कतिपय पालिकाका विद्यालयहरुमा पनि एसईई पूर्वतयारी परीक्षा सुरु गरिएको छ भने केही पालिकाले समयतालिका तोकेका छन् । हेटौंडा उपमहानगरपालिका सामुदायिक विद्यालयहरुमा भने यही माघ २६ गतेदेखि पूर्वतयारी परीक्षा हुने भएको छ ।

अहिले प्याब्सनले सञ्चालन गरेको अभ्यास परीक्षा राष्ट्रिय परीक्षा बोर्डले लिने परीक्षाकै ढाँचामा लिइएको छ । त्यतिमात्र होइन, विद्यार्थीलाई परीक्षा केन्द्र कायम गरिएका अन्य विद्यालयमा परीक्षा दिन लगाइएको छ । यस्तो अभ्यास परीक्षाले विद्यार्थीको पूर्वतयारीमा सहयोग पुग्ने भए पनि परीक्षा केन्द्र नै तोकेर देशव्यापी एउटै प्रश्नपत्रमा परीक्षा सञ्चालन गर्नु भनेको एसईईलाई अझै पनि एसएलसीकै महत्व दिनु हो । एसईई कक्षा १० बाट ११ मा जान विद्यार्थीको मूल्याङ्कन गर्ने एउटा सामान्य परीक्षा बन्नुपर्ने अवस्थामा शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयलगायत सम्बद्ध निकाय र विद्यालयहरुले यसलाई हाउगुजी बनाइरहेका छन् ।

विद्यालय, अभिभावक, विद्यार्थीले परीक्षाको तयारी गर्नु/गराउनुलाई अन्यथा मान्नु हुँदैन, यो स्वभाविक प्रक्रिया हो । परीक्षाको लागि जति राम्रो तयारी भयो, त्यति राम्रो नतिजा आउने सम्भावना हुन्छ । तर, परीक्षा र नतिजामात्र सबथोक होइन । विद्यार्थीको नतिजामा प्राप्त अंक वा ग्रेडले मात्र उसको सक्षमता मापन गर्न सकिँदैन । कुनै पनि कक्षा वा तहको परीक्षा र त्यसको नतिजालाई माथिल्लो कक्षा वा तहमा अध्ययनका लागि आवश्यक आधारको रुपमा लिने र सोहीअनुसार बुझ्ने बुझाउने हुनुपर्छ । विद्यार्थीमा कुनै पनि परीक्षाको डर देखाएर अनावश्यक दवाव दिनु उचित हुँदैन । विद्यार्थीमा भएको ज्ञान, सीप, क्षमता सबै पक्षको उपयुक्त मूल्यांकन हुनसक्ने रचनात्मक परीक्षा प्रणालीको आवश्यकता छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | आर्थिक अवस्थामा सुधार हुने समयको योग छ । |
| वृष | व्यापार–व्यवसाय मध्यमकारक हुने समय छ । |
| मिथुन | रोकिएका कामहरु पूर्ण हुने समयको योग छ । |
| कर्कट | भेटघाट र मनोरञ्जनमा समय व्यतित होला । |
| सिंह | शारीरिक थकान र चिडचिडेपन बढ्ला । |
| कन्या | घरायसी काम तथा रमझममा मन जाने छ । |
| तुला | व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ । |
| वृश्चिक | स्वास्थ्य सबल र आफन्तको सहयोग प्राप्त । |
| धनु | पढाई–लेखाई मध्यमकारक रहने समय छ । |
| मकर | मित्रको सहयोगले काममा पूर्णता हुने समय छ । |
| कुम्भ | घुमघाम र मनोरञ्जनमा समय व्यतित होला । |
| मीन | प्रयत्नले काम सम्पन्न गरिने समयको योग छ । |

# ‘बैंक पनि डुब्ने दिन धेरै टाढा छैन’



डम्बर खतिवडा

नेपालको व्यापार प्रणालीमा लेनदेनका विभिन्न प्रकार छन् । पहिलो व्यापारमा हुने लेनदेनको कागज हुन्छ । अर्को व्यापारमा उधारो करारको सम्झौता हुन्छ भने तेस्रो भनेको ऋणको करार हो । सामान्यतया नेपालको प्रचलनमा यस्तो करार तीन महिनाको हुन्छ । तीन महिनामा पैसा दिइएन भने त्यो करारको दुरुपयोग भएको मानिन्छ ।

व्यावसायिक कारोबारको उधारो करार भने शर्त सहितको र शर्त विनाको हुन्छ । जस्तै बिक्री भएपछि उत्पादकलाई व्यवसायीले पैसा तिर्ने वा सामान बिक्री भए पनि नभए पनि पैसा तिर्ने भन्ने सम्झौताका प्रकारहरु हुन्छन् । जस्तै सामान किनेको २० दिनमा सामान फिर्ता गर्दा पैसा फिर्ता हुन्छ । वा २० दिनमा फिर्ता नगरे पूरै रकम तिर्नुपर्छ ।

अर्को भनेको नेपालमा कागज गरेर गरिने लेनदेन हो । यस्तो सम्झौता मुलुकी संहिता अनुसारको लेनदेनको कागज हो । यसमा पैसा लिने र दिनेबीच सम्झौता हुन्छ । यो सबै प्रक्रिया सहज आर्थिक अवस्थामा विना विवाद हुने गर्छ ।

तर, नेपालमा अहिले यी सबै प्रक्रिया बिग्रिएका छन् । मानिसहरु उधारो नतिर्ने, तिर्न नसक्ने अवस्था सृजना भएको छ । अर्कोतिर बैंक ऋण समेत नउठ्ने समस्या सृजना भएको छ । उधारो उठाउनकै लागि त अन्तर्राष्ट्रिय कानुन हेरेर कानुन बनाउन सकिन्छ । तर, उत्पादन गर्न नसकिएको र खपत रोकिएर भएको संकटलाई अर्थशास्त्रको भाषामा ‘क्रेडिट डिफल्ट’ देखिएको भनिन्छ । जसलाई आर्थिक र मौद्रिक नीतिमार्फत नै सम्बोधन गरिनुपर्छ ।

यो सबै हुनुको कारण अहिले बजारमा खपत नै नभएर हो । उत्पादक, वितरक र उद्योगले बैंक वा अन्य कुनै पनि ठाउँबाट ऋण लिएर अहिले उत्पादन त गरिरहेका छन् तर, सामान बेच्न नसकेपछि बजारमा उसको पुरानो पैसा पनि उठेको छैन । नयाँ उत्पादन गर्न पनि सकिने अवस्था छैन । यस्तो अवस्थामा उत्पादक/व्यापारीहरू ऋण वा उधारोमा परेका छन् ।

अब बैंकसँगको कारोबार बिग्रिएपछि अहिले व्यापारीहरू कालोसूचीमा परिरहेका छन् । कालोसूचीमा परेपछि उसको सबै कारोबार रोक्का हुन्छ । यस्तो अवस्थामा न बैंकबाट पैसा लिन सकिन्छ न बजार बाट पैसा उठ्छ । अब कर्मचारीलाई तलब पनि दिन नसक्ने अवस्था सृजना हुन्छ । अहिले धेरै उद्योग, प्रतिष्ठानमा यो अवस्था सृजना भएको छ । यसलाई भनिन्छ, आर्थिक मन्दी ।

अहिले छोटो समयमै निकै धेरै उद्योगी–व्यवसायीहरु कालोसूचीमा परेका छन् । यो यसैगरी बढ्दै गयो भने एक दिन भएभरका सबै उद्योग र व्यवसाय कालोसूचीमा पर्नेछन् । बैंकहरुले भएभरका व्यापारीलाई कालोसूचीमा पार्दै जाने र उसको सम्पत्ति लिलामी गर्दै जाने हो भने सबै सम्पत्ति बैंकको नाममा हुने अवस्था आउँछ ।

अहिले साना उद्योगपतिहरु यस्तो समस्याबाट धेरै मात्रामा पीडित छन् । यो सबै क्षेत्रमा पर्दैछ । अहिले नेपाल गम्भीर आर्थिक मन्दीको पूर्व सन्नाटाको अवस्थामा छ । विश्वभर मन्दी आउँदा बैंकहरु पनि प्रभावित हुन्छन् तर नेपालमा भने राष्ट्र बैंकले बैंकहरूलाई निकै राम्रो सुरक्षा दिएको छ । आर्थिक मन्दी अनि यस्तो समस्याको भागीदार उद्योगी र व्यवसायी मात्रै हुने भन्ने संसारमा कतै हुन्न । यसले एकदिन बैंक पनि गम्भीर संकटमा पर्ने देखिन्छ ।

अहिले व्यवसायीहरु संकटमा भएको बेला बैंकले ब्याजदर बढाएर दोब्बर बनाएको छ । ८ प्रतिशत ब्याजदरमा लिएको ऋणको ब्याज १६ प्रतिशतसम्म पुग्दा उत्पादन नभएको बेला उद्योगहरू कसरी बाँच्छन् ? यो गम्भीर समय आएको छ । व्यवसायीलाई कालोसूचीमा राखेकोमा खुसी भएका बैंकहरु एकदिन डुब्छन् । सरकार र राष्ट्र बैंक र सबै निकाय मिलेर तत्काल श्वेत पत्र जारी गर्नुपर्छ । समाधानको उपाय निकाल्नुपर्छ । ब्याजदर घटाउनुपर्छ ।

राष्ट्र बैंकले बैंकहरुलाई धेरै सुरक्षा दिएका कारण आफ्नो पैसाको आश्यकताका लागि व्यापारीहरु मिटर ब्याजमा गएका छन् । त्यसले उनीहरुलाई झनै ठूलो संकटमा पार्नेछ । महासंकट अब आउँदैछ । बैंकको ऋण व्यवसायीले तिर्न नसक्नुमा व्यापारी मात्रै कारण हो भनेर बुझियो भने दुर्घटना हुन्छ ।

ठूलो संकटको लक्षण देखिएको छ । हुरी आउनुअघिको सन्नाटामा अर्थतन्त्रलाई जोगाउन सरकार, राष्ट्र बैंक र निजी क्षेत्र मिलर नयाँ सम्भावनाको खोजी गरिनुपर्छ । सारमा भन्नु पर्दा बजारमा उधारो व्यापक देखिए पनि यो भनेको बजारमा पैसा नभएका कारण सिर्जना भएको मागको आपूर्तिको खतीले हो ।

(वाणिज्य र अन्तर्राष्ट्रिय कानुनका ज्ञाता वरिष्ठ अधिवक्ता पण्डितसँग अनलाइनखबरका नवीन ढुंगानाले गरेको कुराकानीमा आधारित ।)

# बा सोध्छन्– जिन्दगी यसरी नै चल्छ त केटा ?



दिपक घिमिरे

मलाई अलि अलि याद छ, घरमा आउने पाहुनाले एउटा चकलेट दिएर सोध्थे ‘ठूलो भएर के बन्छौ बाबु ?’

मैले चकलेट हातमा लिंदै घोसे मुन्टो लगाएर भन्थें, ‘डाक्टर !’

पढ्दै जाँदा थाहा पाएँ, डाक्टर बन्न पढाइ मात्र भएर पुग्दैन रैछ । बाको अथाह सम्पत्ति पनि हुनु पर्दो रैछ । त्यो सपना स्कुले जीवनमै तुहियो ।

आफू बुझ्ने हुँदासम्म मलाई ठूलो भएपछि अनेक बन्ने सपनाले सताउँथ्यो । कहिले के बन्ने सपना बुन्थें त कहिले के बन्ने ।

शाहरुख खानका फिल्म खुब मन पर्थे मलाई । उसको अभिनयबाट प्रभावित हुँदा ठूलो भएपछि खतरा नाम चलेको हिरो बन्न मन लाग्थ्यो ।

राजेश हमाल, भुवन केसीजस्ता खुंखार नेपाली हिरो बन्ने सपना त पछिसम्म देख्थें ।

घरभन्दा तल खोलाको बगरमा गाउँभरिका केटाकेटी मिलेर हामी फिल्म खेल्थ्यौं । कहिले म हिरो बन्थें, त कहिले भिलेन ।

अघिल्लो हप्ता हेरेका फिल्मका डाइलग बोल्ने, अभिनय गर्ने अनि बीच–बीचमा फिल्म खेल्दै गरेका अरु केटाहरुसँग फाइट पनि गरिन्थ्यो ।

तर त्यो पनि बाल्यकालको भाँडाकुटीमै सीमित भयो । हिरो बन्ने सपना अनुहारले पूरा हुन दिंदैन भन्ने लाग्यो अनि भिलेन पनि के बन्नु भनेर आशा मर्दै गयो ।

आजभोलिका अभिनेताहरूको अनुहार हेर्छु, अनि सोच्छु ‘खतरा अभिनय गर्न सिकेको भए हिरो बन्न अनुहार मात्र नभए पनि त हुँदो रैछ ।’

ऊ बेला गाउँतिर रक्तिम साँस्कृतिक अभियानले कार्यक्रम देखाउँथे । प्रायः रातिमा हुने ती कार्यक्रममा कलाकारहरुले आफ्नो बेजोड प्रस्तुति देखाउँथे ।

रक्तिमका कार्यक्रममा गायकले गीत गाउँदा शरीरका रौं ठाडा हुन्थे अनि म ठूलो भएपछि गायक बन्छु भन्ने सपना देख्थें ।

गायक बन्ने सपना अलि पछिसम्म देखें । गाउँको एउटा क्लबमा गाउँघरका केटाहरुसँग स्वरमा स्वर मिलाउँदै गाउन थाले ।

मैले गायक बन्नुपर्छ भन्ने हौसला दिएका अलि मिठै स्वर भएकाहरु क्यासेट निकाल्ने बहानामा काठमाडौंसम्म हानिए तर म गाउँभन्दा परको गायक बन्न सकिनँ ।

गायक बन्न रहरमात्र भएर हुँदैन, स्वर पनि सुरिलै चाहिन्छ भन्ने थाहा पाएपछि म गाउँमै सीमित भएँ । म सँगका साथीहरुले काठमाडौं गएर दर्जनौं गीत निकाले ।

गायक बन्न नसक्ने भएपछि गाउँघर अनि अलि परको लमही बजारमा हल्लिँदै थिएँ ।

एकदिन लमही बजारका होनहार संगीतप्रेमीहरु यादव योगी, सुधिर अधिकारी, ज्ञानेन्द्र स्वर्णाकार अनि राजेश क्षेत्री लगायतको टोलीले मसँग सल्लाह गरे ।

‘दिपक’ हामी सबै मिलेर एउटा सांगीतिक केन्द्र खोलौं !’

म खुसीले गदगद भए । संगीतमा अथाह रुचि थियो । गोजीमा भएको पैसा उठाएर खोलियो सांस्कृतिक केन्द्र । नाम रह्यो ‘स्वर्गद्वारी सांस्कृतिक केन्द्र’ ।

नाच्नेहरुलाई सुधिर दाइले कत्थक सिकाउनु हुन्थ्यो, बाजा बजाउनेलाई राजेश दाइले बाजागाजा अनि गायक बन्ने सपना हुनेहरुका लागि यादव दाइ ।

मलाई पहिलो दिन नाच सिक्ने रहर जाग्यो । सुधिर दाइको डान्स क्लासमा भाग लिएँ । दाइले एक जना अपरिचित केटीको पछाडि उभ्याउँदै कत्थक सुरु गराउनु भयो, म लाजले भुतुक्कै भएँ ।

उनै अपरिचित केटीको कम्मरमा पकडेर फन्का मार्ने स्टेप गर्न नसकेपछि मलाई लाग्यो ‘यो तेरो हैसियतको हैन दिपक, भोलिदेखि बाजागाजा सिक ।’

सुधिर दाइसँग माफी माग्दै म राजेश दाइको क्लासतिर छिरें ।

आफ्नै सांस्कृतिक कला केन्द्र थियो । आफैंले पैसा उठाउँदै स्थापना गरेको । अरु सिक्ने विद्यार्थीजस्तो अप्ठ्यारो थिएन मलाई ।

म त्यो सांस्कृतिक केन्द्रको ठूलै मान्छे थिएँ । यस्तै घमन्डले मलाई अब बाजागाजा बजाउनेतिर डोऱ्याएको थियो सायद ।

राजेश दाइले ताङ घिन्ताङ पार्दै मादल थम्याइदिए । मैले दुई साप्राको बीचमा मादल घुसाएर खुब पिटें तर सुर कहिले आएन ।

मलाई रहर थियो गिटारको, त्यो त झन अप्ठ्यारो । आठ दस दिनको क्लासमा दर्जनौं तार चुडाइदिएँ मैले । अन्त्यमा राजेश दाइले हाँस्दै भने ‘तिमी संगीतको पारखी हौ बड्डा, सारथी बन्न सक्दैनौ ।’

अनि म स्वर्गद्वारी सांस्कृतिक केन्द्रले आयोजना गर्ने कार्यक्रमहरुको हर्ताकर्ता त भए तर कलाकार बन्न सकिनँ र सपना पनि तुहिए ।

कलाकार बन्ने मेरा रहर सेलाउने समयमा देशमा राजनीतिक उथलपुथल खुब थियो । ‘जनयुद्ध’ चर्केको अवस्थामा थियो देश ।

कहिलेकाहीं हुने युद्ध विरामको बेला पार्टीले आमसभाको आयोजना गर्थे । हजारौंको भिडमा मञ्चमा उभिएर भाषण गर्दै गरेको नेता देख्दा सोच्थें ‘वाह रे वाह दिपक’ अब नेता बन्नु पर्छ ।’

ठूलै नेताहरु पनि विद्यार्थी राजनीतिबाट अगाडि बढेको देखेपछि मलाई पनि विद्यार्थीको राजनीति गर्न मन लाग्यो अनि आबद्ध भए अनेरास्ववियु (क्रान्तिकारी) तिर ।

युद्ध विरामभर त गाउँ घरमा आनन्दै हुन्थ्यो, जब युद्ध चर्कन्थ्यो, पुच्छर पकडेर भाग्नै ठिक्क । फलानो पार्टीको सदस्य हुँ भनौं मार्छन् कि भन्ने डर । नभनौं कसले गन्छ ?

जेनतेन ज्यान बचाइयो, तर नेता बन्न सकिएन । युद्धकालभरि भाग्नै ठिक्क भयो, शान्ति वार्तापछि आसेपासेले स्थान ओगटे, आफू चिल्लै ।

नेता बन्ने सपना सकिने बेलासम्म लगभग पढाइ सकियो । धेरै पढेर होइन, पढाइलाई बीचमै छाडेर सकियो मेरो पढाइ ।

कहिले कलाकार बन्ने सपना त कहिले नेता बन्ने सपनाले पढाइ अघि बढ्न दिएन अनि पढाइ त अलि परै छुट्यो । फेरि फर्कनै नसक्ने गरी ।

खाली समयमा पत्रिमा र अनलाइनमा ब्लग र साहित्य लेख्दै बसेको थिएँ । कहिलेकाहीं साथीभाइका कथालाई म आफैं पात्र बनेर साहित्य लेख्थें ।

दाङकै नाम चलेको एक दैनिक पत्रिका र काठमाडौंबाट चलेको एक अनलाइनमा लेख्थें । आफूलाई खतरा लेखक ठान्दै थिएँ, अनि बनाउँदै पनि थिएँ ।

जिन्दगी चल्दै थियो लेखक बन्ने दौडमा ।

एकदिन नेपाल पत्रकार महासंघका वर्तमान अध्यक्ष आदरणीय दाइ विपुल पोखेलले चियाको चुस्कीमा अफर गर्दै भन्नुभो ‘मेरो पत्रिकामा काम गर केटा ।’

मैले अफर स्वीकार्दै भनें, ‘मेरा समाचारलाई प्राथमिकता दिन पर्च । पछिल्ला पानामा होइन, अघिल्ला पानामा आउन पर्च ।’

अनि सुरु भयो लेखकबाट पत्रकार बन्ने बाटो ।

ब्लग र साहित्य अनलाइन, पत्रपत्रिकामा अनि समाचार चाहिं गोरक्ष राष्ट्रिय दैनिकमा । जुन दैनिकका मालिक विपुल पोखेल दाइ हुनुहुन्थ्यो ।

लगभग तीन वर्ष लगातार लेख्न थालेपछि म थाकें । न पैसा, न त इज्जत । परेन फसाद !

पत्रकार भएपछि सबैले चिन्छन्, आफूलाई लाग्छ ‘वाह ! क्या इज्जत छ ।’

तर घर आएपछि बालगायत घर काले सोध्छन्, ‘जिन्दगी यसरी नै चल्छ त केटा ? फलानाले विदेश गएर यति कमाइसक्यो ।’

रात दिनको कचकचले सीमा नाघेपछि एकदिन प्रण गरें, लाउर जान्छु ।

बाल्यकालमा डाक्टर बन्ने सपना थिए, अलि ठूलो हुँदा हिरो बन्ने सपना थियो । बुझ्ने हुँदा कलाकार बन्ने सपना भयो, त्यो पनि तुहिने बेला नेता बन्ने सपना देखेकै हुँ ।

अन्त्यमा लेखक र पत्रकारसँगै बनेर समाजको बुद्धिजीवी कहलिने सपना देख्दा देख्दै प्लेन चढेर परदेश आएको पनि आज पाँच वर्ष पूरा हुनै आट्यो ।

के बन्ने भन्ने कन्फ्युजै कन्फ्युजमा आजभोलि बा बनेको छु, अलि पछि हजुर बा बनूँला अनि त स्वर्गीय बन्ने दिन आइहाल्नेछ । कठै मानिसको जीवन ।

*(स्रोतः सेतोपाटी)*

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


# अध्यक्षसँगको सहकार्यमा काम भइरहेको छ

वडातहमा रहेका जनप्रतिनिधिहरु आपसी समझदारी, समन्वय र सहकार्यमा दैनिक कामहरु सञ्चालन गरिरहेका छन् । वडामा महिला जनप्रतिनिधिहरु पनि समाजमा आफ्नो भूमिका निर्वाह गर्न क्रियाशील छन् । जनप्रतिनिधिको रुपमा काम गर्दाको अनुभव, आफ्नो भूमिका र आगामी दिनको योजनाको विषयमा हेटौंडा १ की वडा सदस्य मनु दाहाल र जिल्ला समन्वय समितिकी सदस्य तारा ढुंगानासँग समृद्ध समाज दैनिकका लागि सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:


तारा ढुंगाना


मनु दाहाल

समाजः समन्वय समितिमा तपाईंले गर्ने काम, तपाईंको भूमिका कस्तो रहँदै आएको छ ?
**तारा**ः म दुई नम्बर वडामा महिला सदस्यमा निर्वाचित भइरहँदा जिल्ला समन्वय समितिमा जान्छु भन्ने मेरो अपेक्षा थिएन । २ नम्बर वडाको सदस्य भएपछि जिल्ला समन्वय समितिको सदस्यको रुपमा भूमिका पाएँ । मैले गर्ने काम कर्तव्य भनेको पालिकास्तरमा अनुगमन, मूल्यांकन नै हुँदोरहेछ । जिल्ला समन्वय समितिमा हामी सदस्यको त्यति ठूलो भूमिका नहुँदोरहेछ । त्यसो भनिरहँदा चुप लागेर बसिरहेका छैनौं । हाम्रो भूमिका खोजी गरिरहेका छौं ।

समाजः वडामा तपाईंको उपस्थिति कस्तो छ ? वडाको कामलाई कसरी हेरिरहनु भएको छ ?
**तारा**ः जिल्ला समन्वय समितिको सदस्य भइरहँदा र वडाको सदस्य भएको मेरो हैसियतले वडाको जनप्रतिनिधिहरुसँग मेरो समन्वय रहिरहन्छ । अध्यक्षज्युले पनि मेरो कामलाई सकारात्मकरुपले हेरिरहनु भएको छ । महिलाहरुको कार्यक्रम, समस्या, योजनाका कुराहरु लिएर टोलबासीले मलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा गुनासो राख्नुहुन्छ । यी कुराहरुले गर्दा म जनप्रतिनिधिसँग समन्वयमा रहिरहन्छु ।

समाजः तपाईंको हिजोको पृष्ठभूमिलाई कसरी विश्लेषण गर्नुहुन्छ ?
**तारा**ः राजनीतिभन्दा पनि मेरो क्षेत्र भनेको सामाजिक हो । सामाजिक काम गरिरहँदा कुनै न कुनै पार्टीमा आबद्ध भई राजनीतितर्फ पनि हामी जाँदा रहेछौं । विषेश म राजनीतिमा रहिरहनुभन्दा सामाजिक क्षेत्रमा आनन्दित हुन्छु । समय परिस्थितिले आज मलाई यहाँ लिएर आउँछ भन्ने थाहा थिएन । मेरो मुख्य उद्देश्य भनेकै जनताको माझमा रहेर सामाजिक काम गर्ने थियो । र, म राजनीतिभन्दा सामाजिक काममा अलि बढि अग्रसर छु कि भन्ने मलाई लाग्छ ।

समाजः निर्वाचित भएपछिको सात महिनाको बीचमा सामुदायमा राम्रो गरें भनेर व्यक्त गर्न सक्ने खालको कुनै काम भएको छ ?
**तारा**ः मैले हिजोको दिनमा सामाजिक काम गर्दै आउँदा पछाडि परेका दिदीबहिनीहरुको लागि समुदायमा केहि भूमिका निभाउन सकेको हो कि जस्तो मलाई लाग्छ । किनकि जब जनप्रतिनिधि भएर म दुई नम्बर वडामा आएँ, त्यतिखेर बजेटहरु छुट्याउने शिलशिलामा महिलाहरुको लागि भनेर महिला बचत तथा ऋण सहकारी संस्थालाई पनि केहि बजेट छुट्याएर दिदीबहिनीहरुलाई उद्यमी बनाउनका लागि बजेट छुट्याइदिएर सामानहरु पनि खरिद गर्नसमेत वडा अध्यक्षसँग समन्वय गरियो । महिला दिदीबहिनीहरुले तोफो उत्पादन गरिरहनु भएको छ । त्यो काम सफल भएको छ ।

समाजः वडा सदस्यको रुपमा काम गरिरहँदा कस्तो अनुभव भइरहेको छ ?
**मनु**ः हामी त एकदम सामाजिक मान्छे हो । सामाजिक काम गर्दा र जनप्रतिनिधि हुँदा अलिकति मैले केहि फरक अनुभव गरेकी छु ।

समाजः वडा सदस्यको रुपमा काम गर्दा कतिको सहज अथवा अप्ठेरो महसुस भएको छ ?
**मनु**ः काम गर्न त सहज नै भएको छ । हामी पाँचैं जना आपसी सहमति वा समन्वयमा नै काम गर्ने, कार्यक्रममा वा जनतामाझ जाने गरेका छौं । अध्यक्षसँगको सहकार्यमा काम गरिरहेका छौं ।

समाजः व्यवसायमा पनि आबद्ध हुनुहुन्छ । जनप्रतिनिधिको रुपमा विजयी गराउन व्यवसायले कसरी सहयोग गऱ्यो ?
**मनु**ः हाम्रो व्यवसाय नै समाजसँग सम्बन्धित छ । हामी तरकारी व्यवसाय गर्छौं । मेरो श्रीमान पनि तरकारी व्यवसाय गर्नुहुन्छ । जसले हामी प्रत्यक्षरुपमा समुदायसँग जोडिएका छौं । सदस्यमा उम्मेदवारीका लागि मलाई वडा कमिटीबाट नै सिफारिस गऱ्यो । यसमा श्रीमानको पनि पूर्णरुपमा सहयोग पाएँ । सामाजिक काम गर्न रुचि राख्ने भएकाले सबैको आग्रहलाई मैले सहजै स्वीकार गरें ।

समाजः तपाईंहरुले कामको जिम्मेवारी कसरी बाँडफाँड गर्नु भएको छ ?
**मनु**ः कुनै काम गर्नु परे हामी पाँचै जना भएर बैठक गर्छौं । समुदायमा गएर गर्नुपर्ने हरेक काम जस्तै, घरायसी मुद्दा मामिला, बालबालिकासम्बन्धी समस्यालगायत अनेक समस्याहरु आउँदा रहेछन् । योजनाका लागि बजेट छुट्याउने यस्ता सबै खाले कामहरु हामी पाँचै जना छलफल गरेर गर्छौं । योसँगै २०८० सालसम्ममा बालमैत्री वडा घोषणा कार्यक्रम नगरपालिकाले ल्याएको छ । जसमा हाम्रो वडाको लागि सम्पर्क व्यक्तिको रुपमा मलाई तोकिदिएको छ । बालबालिकाको क्षेत्रमा काम गरिरहँदा अहिलेसम्म १३ वटा बाल समूह हामीले गठन गरिसकेका छौं । दुई वटा टोल विकास संस्था पनि गठन गरिसकेका छौं । जे होस्, समग्रमा हामी पाँचै जनाको सल्लाहबमोजिम नै वडामा काम हुन्छ ।

समाजः वडामा ध्यान दिनुपर्ने र जटिल समस्याको रुपमा के देख्नुहुन्छ ?
**मनु**ः पहिलो कुरा बालविवाह हो । अहिले साना-साना नानीहरु मन पऱ्यो भनेर हिँडिदिने अनि २० वर्ष नपुग्दै बच्चा जन्माएर सम्बन्धविच्छेद पनि भइसकेको हुने अवस्था छ । यो समस्या शहरी क्षेत्रमा उन्मातको रुपमा देखिन्छ भने ग्रामीण क्षेत्रमा बाध्यता । हाम्रो वडामा अहिले हेर्दाचाहिँ मुख्य समस्या भनेको यही बालविवाह र पानीको पनि समस्या उस्तै छ ।

समाजः बालविवाह मुख्य समस्याको रुपमा रहिरहेको सन्दर्भमा समाधानका लागि के गर्न सकिन्छ ?
**मनु**ः हामीले वडामार्फत् सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्छौं । प्रत्येक घरमा गएर गएर सचेत गराउनु आवश्यक छ । एउटा घरमा आमाको भूमिका धेरै हुन्छ । आमालाई नै सचेत गराउन सकेमा धेरै समस्या समाधान हुन्छजस्तो लाग्छ ।

समाजः वडामा ध्यान दिनुपर्ने विषयहरु के-के छन् ?
**तारा**ः म वडामा नै रहेको भए विशेष त महिला, बालबालिका, अपांगता र जेष्ठ नागरिकको बीचमा रहेर काम गर्थें । उहाँहरुको समस्या के-के छन् अध्ययन गरेर उनीहरुको समस्या समाधानमा काम गर्थें । भौतिक पूर्वाधार अति आवश्यक हो तर, सामाजिक पाटो पनि उत्तिकै महत्वपूर्ण छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं




## नवीकरण तथा साधारण सभा सम्बन्धि सुचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ,मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही मिति २०७९ साल माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागी इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यहि २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधि भित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यवहोरा जानकारी गराइन्छ ।

**श्याम सुन्दर ढकाल**
**अक्ष्यक्ष**
**निर्माण व्यवसायी संघ, मकवानपुर**
**हेटौंडा, मकवानपुर**

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

# शहीद



**कन्चन सापकोटा**

आँखामा आँसु आउन सक्छ
तर मन दह्रो बनाउनुपर्छ ।
असफलताबाट सिकेर हामीले
सफलताले जीवन सजाउनु पर्छ ।

हिम्मत त हामीले हार्नै हुन्न
निरन्तर संघर्ष गर्दै बाँच्नु पर्छ ।
अरुको भरमा पर्नु हुन्न
आफैंले मेहनत गरेर देखाउनुपर्छ ।

*कक्षा-५*



**प्रतिष्ठा पोखरेल**

कहाँ हुन्थ्यौं र स्वतन्त्र हामी शहीद नभए
शहीदका परिवारले वियोगका पीडा नसहे

शहीदले गरे संघर्ष लामो, धेरै नै वर्षको
त्यसैले बन्यो हामी नेपालीको जीवन हर्षको

झुण्डिए कोही, कसैले खाए तातो गोली छातिमा
देशका लागि मर्न सक्ने गुण छ, नेपाली जातिमा

सिंचेको छ नेपाली माटो हाम्रा शहीदका रगतले
सक्दैन किन्न शहीदहरुको इमान कुनै नगदले

शहीदहरुलाई निरंकुश शासनले मर्नलाई पारे विवश
शहीदको वलिदान सम्झी सबैले मनाऔं शहीद दिवस

*कक्षा-९*



**प्रतिक ढकाल**

जान्न धेरै बाँकी रहेछ अब चैं थाहा पाइयो
बल्ल-बल्ल ज्ञानको यो गोरेटोमा आइयो


बुझें मैले यो पृथ्वी कसरी रहेछ बनेको
झुठा कथा रैछ यसलाई अचल छ भनेको
भन्थ्यौं हामी सबैजना चन्द्रमालाई देउता
चन्द्रमा रैछ हजुर मात्र उपग्रह पो एउटा

ज्वरो आउँदा भाइलाई, धामी खोज्न धाइयो
फलाक्न थाले धामीदाइ कालो बोको चाहियो
घट्दै घटेन भाइको ज्वरो धोका दियो धामीले
डाक्टर छोडी धामी लाउँदा दुःख पायौं हामीले

नजानेका धेरै कुरा अब चैं थाहा पाइयो
बल्ल साथी ज्ञानरुपी गोरेटोमा आइयो

*कक्षा-४*

# हार्दिक समवेदना


**स्व. मिनु शर्मा (डंगोल)**

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) हेटौंडा उपमहानगर समितिका सदस्य, हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमीकी प्रिन्सीपल प्रतिभा डंगोलकी ममतामयी आमाको निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**विनोद सुवेदी, अध्यक्ष**
**एवम् प्याब्सन मकवानपुर परिवार**
**हेटौंडा, मकवानपुर**

# बागमतीमा माघ २७ गतेदेखि राष्ट्रपति रनिङशिल्ड

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा माघ २७ गतेदेखि पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता हुने भएको छ । बागमती गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको गत शुक्रबार बसेको बैठकले माघ २७ गतेबाट प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरेको हो ।

बागमती-४, झुरझुरेस्थित गाउँपालिकाको खेल मैदानमा माघ २७, २८ र २९ गरी तीन दिन सञ्चालन हुने प्रतियोगिता व्यवस्थापन समितिका सदस्य प्रमोद राईले जानकारी दिनुभयो । प्रतियोगितामा सहभागिता जनाउन विद्यालयलाई माघ २० गतेसम्ममा पालिकामा सम्पर्क गर्न भनिएको छ । प्रतियोगितामा कक्षा १२ सम्मका १८ वर्ष मुनिका विद्यार्थीले मात्र सहभागिता जनाउन सकिने जनाएको छ । छात्रा र छात्र दुबैतर्फ भलिबल, कबड्डी, एथलेटिक्स र मार्सल आर्टका खेलहरुमा विद्यार्थीले प्रतिस्पर्धा गर्नेछन् । छनौट भएका विद्यार्थीहरुले जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्डमा सहभागिता जनाउन सकिने छ ।

गत वर्ष बागमतीले गाउँपालिकाले पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरेको थिएन । पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन नगर्दा बागमतीले जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्डमा सहभागी हुन पाएका थिएनन् । यसअघि हेटौंडा उपमहानगरपालिका, ईन्द्रसरोवर र भीमफेदी गाउँपालिकाले राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना गरिसकेको छ ।

# सुधार केन्द्रका युवालाई विद्युत जडान तालिम

समाज संवाददाता

हेटौंडाः लागूऔषधको कुलतमा परी सुधार केन्द्रमा रहेका युवाहरुलाई लक्षित गरी हेटौंडामा विद्युत जडान तालिम सुरु भएको छ । लागूऔषधको कुलतमा परेर दैनिक जीवनयापनमा समेत असहज अवस्था आएपछि सुधार केन्द्रबाट सुधार पछि घर फर्कने क्रममा आर्थिक उपार्जनका लागि तालिम सञ्चालन गरिएको हो ।

हेटौंडा उपमहानगरपालिकाको सहयोगमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र र मकवानपुर रिकभरिङ समूहले सञ्चालन गरेको तालिमको हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीना कुमारी लामाले उद्घाटन गर्नुभएको छ । तालिमको उद्घाटन गर्दै नगर प्रमुख लामाले जीवन आफ्नै लागि जिउने हो अरुका लागि सोचेर मानसिक तनाव नलिन सुझाव दिनुभएको छ । आफुले सिकेको सीप आफ्नै लागि भए जस्तै आफूले पाएको जीवन पनि आफ्नै लागि भएको बताउनुभयो । विभिन्न खालका मानसिक तनाव बोकेर होइन खुल्ला र खुशीका साथ हिंड्नु पर्नेमा उहाँले जोड दिनुभयो ।

रिकभरिङ समूहका अध्यक्ष सुरज बिक्रम राणाको सभाध्यक्षतामा भएको तीन महिने तालिम उद्घाटन कार्यक्रममा हेटौंडा-१३ का अध्यक्ष पेम्बा लामा, १४ का अध्यक्ष दीपक खड्का, हेटौंडा-५ का वडा सदस्य रञ्जीता सिलवाल, हेटौंडा उपमहानगरपालिकाका सामाजिक विकास महाशाखा प्रमुख भिमप्रसाद तिमल्सिना, गैरसरकारी संस्था महासंघ मकवानपुरकी उपाध्यक्ष रमिला सापकोटा, मानव अधिकार संगठनकी शर्मिला श्रेष्ठको आतिथ्य रहेको थियो । सुधार केन्द्रमा रहेका ३६ जना मध्ये २० जना तालिममा सहभागी छन् ।

बारा र सर्लाहीमा निःशुल्क आँखा परीक्षण शिविर

# १२८ जनामा मोतिविन्दु पहिचान



समाज संवाददाता

**हेटौंडाः लायन्स क्लबको आयोजनामा सोमबारबाट निःशुल्क आँखा परीक्षण शिविर सुरु भएको छ । सोमबार पहिलो दिन बारा जिल्लाको महेशपुर र सर्लाहीको हरिवन नगरपालिकामा आँखा परीक्षण शिविर भएको हो ।**

**बाराको महेशपुरमा ३ सय ९१ जनाको आँखा परीक्षण गरिएकोमा ९२ जनामा मोतिविन्दु भेटिएको कार्यक्रम संयोजक अमित शर्माले जानकारी दिनुभयो । यस्तै, सोमबार नै सर्लाहीको हरिवन नगरपालिकामा भएको शिविरमा ३ सय ३६ जनाको आँखा परीक्षण गरिएकोमा ३६ जनामा मोतिविन्दु देखिएको उहाँले बताउनुभयो ।**

**मोतिविन्दु देखिएकाहरुलाई बुधबार हेटौंडा आँखा अस्पतालमा ल्याइने र बिहीबार शल्यक्रिया गरिने उहाँले जानकारी दिनुभयो । नेत्र स्वास्थ्य विशेषज्ञ डा. सन्दुक रुइत नेतृत्वको टोलीले आँखाको परीक्षण गरिरहनुभएको छ ।**

**आज मंगलबार मकवानपुरको बागमती गाउँपालिकाको फापरबारी, बारा जिल्लाको भादाह र बाराकै इनवसीरामा शिविर हुनेछ । बुधबार मकवानपुरको राक्सिराङ गाउँपालिका, हेटौंडाको बसामाडी गुम्बामा र पर्सा जिल्लाको वीरगञ्जमा आँखा शिविर हुने जनाइएको छ ।**

# शिक्षक दौडमा मुकेश र स्लो स्कुटीमा सिर्जना प्रथम

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लास्तरीय पुरुष शिक्षक दौड तथा महिला शिक्षक स्लो स्कुटी रेस प्रतियोगिता भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को प्रायोजन तथा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको आयोजनामा शहीद दिवसको अवसरमा सोमबार प्रतियोगिता भएको हो ।

प्रतियोगिता अन्तर्गत पुरुष शिक्षक दौडतर्फ मकवानपुरगढी गाउँपालिकास्थित भानु माविका मुकेश चौलागाई र महिला शिक्षक स्लो स्कुटी रेसतर्फ हेटौंडा-१३ स्थित भृकुटी माविकी सिर्जना थिङ प्रथम हुनुभएको छ । पुरुष शिक्षक दौडतर्फ तासिर बोर्डिङ स्कुलका सन्दीप बस्नेत द्वितीय, श्री प्राविका विश्व लामा तृतीय र बाघभैरव माविका बलराम राई चौथो भएका छन् । प्रथम, द्वितीय, तृतीय र चौथो हुनेले क्रमशः ६ हजार, ५ हजार, ३ हजार र २ हजार रुपैयाँ प्राप्त गरेका छन् । शिक्षक दौडमा ६० जनाको सहभागिता रहेको थियो । हेटौंडाको कान्तिराजपथ-भैरवरोड हुँदै हुप्रचौरसम्म करिब ३ किलोमिटर दुरीमा दौड प्रतियोगिता गरिएको थियो ।

यस्तै, महिला शिक्षक स्लो स्कुटी रेसमा तासिर बोर्डिङ स्कुलकी एन्जिला रिजाल द्वितीय र आधुनिक राष्ट्रिय माविकी देवमाया पाठक तृतीय हुनुभएको छ । स्लो स्कुटी रेसमा ४० जना महिला शिक्षकहरुको सहभागिता रहेको थियो । महिला शिक्षक स्लो स्कुटी रेस प्रतियोगितातर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ७ हजार, ५ हजार र ३ हजार रुपैयाँ प्राप्त गरेका छन् । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष नवीन सिग्देल, नेपाल राष्ट्रिय शिक्षक संगठनकी केन्द्रिय सदस्य लक्ष्मी गजुरेल र मकवानपुरका अध्यक्ष श्रीराम दाहालले पुरस्कार वितरण गर्नुभएको थियो ।

# नर्सिङ संघ मकवानपुरमा दाहाल

समाज संवाददाता

हेटौंडाः नर्सिङ संघ मकवानपुरको अध्यक्षमा गंगा दाहाल निर्वाचित हुनुभएको छ । सोमबार भएको तेस्रो अधिवेशनले दाहालको नेतृत्वमा १५ सदस्य जिल्ला समिति चयन गरेको हो । समितिको उपाध्यक्षमा निर्मला भ्लोन, सचिबमा अमृता श्रेष्ठ, सहसचिवमा सुवणा कार्की र कोषाध्यक्षमा सानीकान्छी मोक्तान सर्वसम्मत चयन हुनुभएको छ ।

संघको सदस्यहरुमा अम्बिका पण्डित, प्रतिमा शाक्य, देवकी खतिवडा, लक्ष्मी भुषाल, सुशीला श्रेष्ठ, सविता पौडेल, सुष्मा तिवारी, मुना थापा, कृतिका आचार्य लगायत रहेका छन् । अधिवेशनको उद्घाटन गर्नुहुँदै हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिना कुमारी लामाले स्वास्थ्य क्षेत्रको विकासका लागि उपमहानगरपालिका लागिरहेको बताउनुभयो । उहाँले नर्सिङ पेशाको समस्यालाई बुझ्दै स्थानीय सरकार पनि अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

संघका अध्यक्ष कुन्ता दाहालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल नर्सिङ संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष रमेश सुब्बा, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका डिन दुर्गा खड्का, हेटौंडा अस्पताल सञ्चालक समितिका सदस्य उत्सव चौलागाई, हेटौंडा उपमहानगरपालिकाका जनस्वास्थ्य अधिकृत भोला चौलागाई लगायतको आतिथ्य रहेको थियो ।

# शहीद दिवसमा ३० जनाद्वारा रक्तदान



समाज संवाददाता

हेटौंडाः शहीद दिवसको अवसरमा सोमबार रक्तदान कार्यक्रम भएको छ । हेटौंडाको बुद्धचोकमा अनेरास्ववियु जिल्ला कमिटी मकवानपुरको आयोजना तथा रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा कार्यक्रम भएको हो ।

कार्यक्रममा २७ जना पुरुष र ३ जना महिला गरी ३० जनाले रक्तदान गरेको रक्तसंचार केन्द्र हेटौंडा शाखाका प्राविधिक विष्णु रिमालले जानकारी दिनुभयो । रक्तदान कार्यक्रम अनेरास्ववियु जिल्ला कमिटी मकवानपुरका अध्यक्ष भुवन मैनालीको सभाध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठ, प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई लगायतको उपस्थिति रहेको थियो ।

यस्तै, आइतबार नर्सिङ दिवसको अवसरमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आयोजनामा २१ जनाले रक्तदान गरेको रिमालले बताउनुभयो । जसमा १५ जना पुरुष र ६ जना महिलाले रक्तदान गरेको उहाँले जानकारी गराउनुभयो ।

# शहीद दिवसमा ६ जनालाई सम्मान

समाज संवाददाता

**हेटौंडाः मकवानपुरगढी गाउँपालिकाले शहीद दिवसको अवसरमा ६ जनालाई सम्मान गरेको छ । सोमबार गाउँपालिकाले ४ जना शहीद र २ जना वेपत्ता परिवारलाई नगद १० हजार रुपैयाँ र सम्मानपत्रले सम्मान गरेको मकवानपुर गढी गाउँपालिकाकी उपप्रमुख मानकुमारी पाख्रिनले जानकारी दिनुभयो ।**

**कार्यक्रममा शहीदतर्फ रुद्रबहादुर पाख्रिनकी श्रीमती राममाया पाख्रिन, कृष्णप्रसाद घिमिरेका बुवा बासुदेव घिमिरे, कुवेर ढुङ्गानाका श्रीमती गौरी ढुङ्गाना र सूर्यबहादुर लोका श्रीमती निरमाया लो सम्मानित हुनुभएको हो । त्यस्तै वेपत्ता परिवारतर्फ सन्तबहादुर वाईबाका श्रीमती छुल्टिम डोल्मो वाईबा र डोसिक भ्लोनकी श्रीमती तीर्थकुमारी भ्लोन सम्मानित हुनुभएको हो । कार्यक्रममा ५ जनाले शहीदसम्बन्धी रचना वाचनसमेत गरेका थिए ।**

**कार्यक्रम मकवानपुरगढी गाउँपालिकाका प्रमुख दोर्जे स्याङ्तानको विशेष आतिथ्य तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्य भएको थियो । कार्यक्रममा शहीदहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै प्रमुख अतिथि पुलामीले शहीदहरुको योगदान अविस्मरणीय रहेको र हामी सबै नेपाली शहीदहरुको सपना पूरा गर्नेतर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो । कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षकलगायतको उपस्थिति रहेको थियो ।**

# नगरप्रमुख लामाद्वारा क्याम्पडाँडामा वृक्षरोपण



*वृक्षरोपण गर्नुहुँदै नगरप्रमुख लामा ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, क्याम्पाडाँडामा सोमबार वृक्षरोपण गरिएको छ । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको उपस्थितिमा वृक्षरोपण गरिएको हो । हरित नगरीको रुपमा देशमा चर्चामा रहने गरेको हेटौंडालाई सुन्दर र व्यवस्थित शहरको रुपमा विकास गर्ने लक्ष्यसहित नगरप्रमुख लामाले कान्तिलोकपथ अन्तर्गत हेटौंडा-चौघडा सडकखण्डको क्याम्पाडाँडामा वृक्षरोपण गर्नुभएको हो ।

हेटौंडा-५ र ७ को सिमा क्षेत्रमा पर्ने क्याम्पडाँडामा निर्माण भएको सडकले चर्चेर छाडेको जमिनको दक्षिण भागमा झाडी तथा फोहर अधिक रहेकाले त्यसलाई सफा गरी वृक्षरोपण गरिएको हो । सडक किनारमा हेर्दा आकर्षक देखिने धुपी तथा गुलमोहर फुलको बिरुवा रोपिएको छ ।

नगरलाई सुन्दर बनाउनका लागि हरेक महिना वृक्षरोपण अभियान र हरेक साता "सफा हेटौंडा अभियान" उपमहानगरले सञ्चालन गरिरहेको छ । हेटौंडा उपमहानगरपालिकाका फोहरमैला तथा व्यवस्थापन शाखाका केशव देवकोटाका अनुसार हरेक महिना फरक/फरक ठाउँमा वृक्षरोपणको अभियान पनि सञ्चालन गरेको बताउनुभयो । वृक्षरोपणमा हेटौंडा-५ का अध्यक्ष सुशील घिमिरे, हेटौंडा-७ का अध्यक्ष दामोदर गौतमलगायत स्थानीयको सहभागिता रहेको थियो ।

# शहीदको सपना पूरा भएन

समाज संवाददाता

हेटौंडाः रेडियो मकवानपुरको १३ औं वार्षिकोत्सव अन्तर्गत सप्ताहव्यापी कार्यक्रम सुरु भएको छ । पहिलो दिन सोमबार शहीद दिवसको दिन 'शहीदको सपना र आजको नेपाल' विषयमा साहित्यकारसँग अन्तरक्रिया तथा रचना वाचन कार्यक्रम भएको छ । रेडियो मकवानपुरमै भएको कार्यक्रमका सहभागी साहित्यकारले अझै शहीदको सपना पूरा नभएको गुनासो गरेका छन् ।

सर्जक सञ्जाल मकवानपुर अध्यक्ष निमेष निखिलले मुलुकको परिवर्तनका लागि सयौंले बलिदानी दिएपनि अझै जनताले सुखको अनुभव गर्न नसकेको बताउनुभयो । समालोचक एवम् साहित्यकार घनश्याम घिमिरेले केही हदसम्म समाज र व्यवस्था परिवर्तन भएपनि शहीदको सपना भने पूरा हुन नसकेको धारणा राख्नुभयो । अहिले अवस्थाले शहीदको आत्मा सन्तुष्ट हुने अवस्था नरहेको भन्दै उहाँले जनताको मुहारमा हाँसो नभएको बताउनुभयो ।

श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानका सचिव सुवास खनालले मुलुकको सकारात्मक परिवर्तनका लागि शहीदले बलिदानी दिएको भएपनि त्यसको कदर हुन नसकेको बताउनुभयो । आँचल साहित्य कला पुञ्जकी उपाध्यक्ष नीरा शर्माले मुलुकको विकास, समृद्धि एवम् परिवर्तन नै शहीहदको सपना भएपनि त्यो पूरा हुन नसकेको बताउनुभयो । रेडियो मकवानपुरका प्रबन्ध निर्देशक आशिष दुलालको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकारहरुले शहीदसँग सम्बन्धित कविता वाचन समेत गरेका थिए । सप्ताहव्यापी कार्यक्रमअन्तर्गत २२ गतेसम्म विविध कार्यक्रमको आयोजना हुँदैछ ।

## सूचना सूचना सूचना

**यस मलमल प्याकेजिङ उद्योग प्रालि हेटौंडा-४ को यही मिति २०७९/१०/१६ गतेदेखि लागु हुने गरी यसको उत्पादन निम्न मूल्य लागु हुने जानकारी गराउँदछौं ।**

| विवरण | उद्योग विक्री मूल्य | डिलर विक्री मूल्य | होलसेलर बिक्री मूल्य | रिटेलर विक्री मूल्य |
|---|---|---|---|---|
| मलमल छाप चुना सुर्ती | रु. ३८७/७० (प्रति आउटर) | रु. ३९३/७० (प्रति आउटर) | रु. ४००/०० (प्रति आउटर) | रु. ४२०/०० (प्रति आउटर) |

**माथिको मूल्यमा सम्पूर्ण करहरु समावेश रहेको छ ।**
**(नोटः- सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छ ।)**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ